# मिति २०७५।२।२८ गते दंगीशरण गाउँपालिका वडा नं.२ गोल्टाकुरीमा आयोजित दंगीशरण गाउँपालिकाको सार्वजनिक सुनुवाईका क्रममा प्रस्तुत् गरिएको दंगीशरण गाउँपालिकाको हालसम्मको संक्षिप्त प्रगती प्रतिवेदन

**मितिः२०७५।२।२८**

## दंगीशरण गाउँपालिकाको संक्षिप्त परिचय

साविकका हेकुली, गोल्टाकुरी र श्रीगाँउ गरि ३ वटा गाउँ विकास समितिहरुलाई समावेश गरि मिति २०७३/११/२२ मा दंगीशरण गाउँपालिकाको स्थापना भएको हो । ७ वटा वडाहरू रहेको यस गाउँपालिका ११०.७ वर्ग कि.मि. क्षेत्रमा फैलिएको छ भने गाउँपालिकाको कुल जनसंख्या २१,४८४ र घरधुरी ४४५५ रहेको छ जस मध्ये पुरुष ४६.४७ प्रतिशत र महिला ५३.५३ प्रतिशत रहेकाछन् भने जनघनत्व १९४ जना प्रति वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको पूर्वमा तुल्सीपुर उपमहानगरपालिका, उत्तरमा शान्तिनगर गाउँपालिका, पश्चिममा बबई गाउँपालिका र दक्षिणमा लमही नगरपालिका र बाँके जिल्ला पर्दछ । विभिन्न जाति एवं धर्मावालम्बीहरुको बसोबास रहेको यस गाउँपालिकामा सबैभन्दा बढी थारु जाती रहेको छ र जस्को जनसंख्या ४५ प्रतिशत छ भने दोस्रोमा क्षेत्री र तेस्रोमा ब्राहमण रहेका छन् । यस गाउँपालिकामा हिन्दु धर्मावलम्बी एवं नेपाली भाषीहरुको बाहुल्यता रहेको छ ।

यस गाउँपालिकामा २ वटा उच्च मा.वि.सहित १५ वटा सामुदायिक विद्यालय र ८ वटा नीजि विद्यालयहरु रहेका छन् । शैक्षिक हिसाबले हेर्दा यहाँको साक्षरता दर नेपालको औषत साक्षरता दर भन्दा बढी अर्थात ६९.३९ प्रतिशत रहेको छ। स्वास्थ्यको हिसाबले हेर्दा प्राथमिक स्वास्थ्य केन्द्र श्रीगाउँ, हेकुली स्वास्थ्य चौकी र गोल्टाकुरी स्वास्थ्य चौकी गरी ३ वटा स्वास्थ्य संस्थाहरु माफत स्वास्थ्य सेवा प्रदान गरिएको छ । त्यसै गरी यस गाउँपालिकामा एक दर्जन जती सहकारी संस्थाहरु र त्यतिकै संख्यामा सामुदायिक वनहरु रहेका छन् । हाल सहकर्मी समाज, गोरखा वेल्फेयर,बेस लगायतका गैर सरकारी संस्थाहरुले गाउँपालिकासँग सहकार्य गर्दै गाउँपालिकाको विकासलाई सघाई रहेकाछन् ।

छ। । ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या १,५४६ (७.२० प्रतिशत) रहेको छ। तथ्याङ्कले गाँउपालिकामा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र भैं केही विभेद रहेको पाईन्छ। जस्तैः यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७७.८६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६२.४० प्रतिशत

## गाउँपालिकामा रहेका सम्भावना

दक्षिणतर्फ बाँके राष्ट्रिय निकुञ्जसँगै रहेका देवटाकुरा रुपी चुरे पहाडहरुको लस्कर बिचमा नागबेली भै सिंगारिएकी बबै नदी तथा उत्तरमा महाभारत पर्वत श्रृंखलाको आगँनमा रहेको समथर भूमीको अनुपम संगमका रुपमा दंगीशरण गाउँपालिका रहेको छ। बबै नदीबाट यसको वरपर अनवरत रुपमा बहने चिसो बायूले सदियौंदेखि यहाँको थारु संस्कृती लगाएतका अन्य परम्परागत मौलिक संकृती एवं जैविक विविधताई समुन्नत बनाएकोले यस गाउँपालिका वास्तम्मा एक सम्भावनाको खानीको रुपमा रहेको छ। यसै सेरोफेरोमा रहेर यहाँको सम्भावनाहरु निम्नानुसार रहेकाछन् :

-सांस्कृतीक एवं प्रर्या पर्यटनको सम्भावना

-कृषीको व्यवसायीकरण र विकास

-उधोग व्यवसाय

-विकासप्रति जनताको बढ्दो उत्साह

-सकीय जनशक्तिको परिचालन

-विकासप्रति विकासका साभ्रेदारहरुको चासो र सक्रियता

- बढ्दो सडक सञ्जाल।

## गाउँपालिकाका विद्यमान समस्या

अपार सम्भावना हुँदा हुँदै पनि त्यसको सही परिचालन हुन नसक्दा विद्यमान अवस्थामा हामीले विभिन्न कठीनाईहरु भेल्नु परिरहेको कुरा घाम जत्तिकै छर्लङ्ग छ। दाङ उपत्यकाको पश्चिम क्षेत्रको समथर भूभागमा यस गाउँपालिका रहेको भएतापनि पातुखोला पश्चिमको क्षेत्रलाई बेग्लै नजरियाले हेरिने गरेको कारण यस क्षेत्रमा हालसम्म ल्यान्ड लाईन फोन सेवा र गतिलो ईन्टरनेट सेवा समेत उपलब्ध हुन सकेको छैन। गाउँपालिकाले आफ्नै पहलमा गाउँ कार्यपालिका कार्यालय र वडा

कार्यालयहरुमा ईन्टरनेट को व्यवस्था भने गरेको छ । दामोदर सडक र तुल्सीपुर पुरन्धार सडक बाहेका गाउँपालिकाका अन्य सडक पीच हुन सकेको छैन । फुर्केसल्ली क्षेत्रमा बह्रैमास सडक यातायात र बिजुलीको व्यवस्था हुन सकेको छैन । वडा नं.१र २ पनि बैबाङमा निर्मानाधिन पक्की पुल नबन्दासम्म गाउँपालिकासँग जोडिने भरपर्दो सडक सञ्जाल छैन । गाउँपालिकालाई संविधान प्रदत्त अधिकार र जिम्मेवारी पूरा गर्न सक्ने गरी आवश्यक कानुनी, नितिगत तथा मानविय तथा अन्य पूर्वाधार र क्षमता विकास हुन सकेको छैन ।

**गाउँपालिकाले हालसम्म हासिल गरेका उपलब्धीहरु**

स्थानीय तह निर्वाचन पश्चात गाउँपालिकाको सञ्चालनका लागि अति आवश्यक पर्ने ७ वटा कानुन निर्माण गरिएको छ । एकिकृत सम्पती कर , नक्सा पास लगाएतका कार्यविधि र अन्य गरी १७ वटा कानुन तथा कार्यविधिहरु निर्माणाधिन छन् । २०७४ साल साउन २८,२९ गते आएको बाढीले क्षती ग्रस्त पारेका संरचनाको पुनर्निर्माण  र बाढी पिडितलाई राहत गाउँपालिकाको नेतृत्व र आम दंगीशरणबासीको सक्रिय सहभागितामा यथा समयमै नियन्त्रणमा आएको । आ.व.०७४।७५ को लागि यस दंगीशरण गाउँपालिकाले आन्तरिक राजस्वबाट रु.१,०२,४१,३१३(अक्षरुपी एक करोड, दुई लाख, एक्चालिस हजार, तिन सय तेह्र रुपैयाँ), राजस्व बाँडफाँडबाट रु.८०,००,०००(अक्षरुपी असी लाख), अघिल्लो बर्षको बचत रु.९५,५४,३०७(पन्चानब्बे लाख,चौउन्न हजार, तिन सय सात रुपैयाँ), नेपाल सरकारबाट रु.२३,४८,७३,०००( तेइस करोड, अठ्चालिस लाख, त्रिहत्तर हजार) गरी जम्मा रु.२६,२६,६८,६२०(छब्बिस करोड,छब्बीस लाख, अरसट्ठि हजार, छ सय बिस) आय अनुमान गरिएको छ । त्यसै गरी व्यय तर्फ पदाधिकारी पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन खर्च गरी चालु खर्च रु.७,१६,२८,०००(अक्षरुपी सात करोड, सोह्र लाख, अट्ठाइस हजार), पुँजिगत तर्फ सार्वजनिक निर्माण तथा कार्यक्रम, भवन, मेशिनरी गरी जम्मा रु.१३,९८,०४,६२०(तेह्र करोड,अन्ठानब्बे लाख, चार हजार,छ सय बिस) र सर्शत तर्फ रु.५,१२,३६,०००( पाँच करोड, बाह्र लाख, छत्तिस हजार) गरी जम्मा रु.२६२६६८६२०(अक्षरुपी छब्बिस करोड,छब्बीस लाख, अरसट्ठि हजार, छ सय बिस) व्यय हुने अनुमान गरिएकोमा हालसम्म भएको प्रगतीको संक्षिप्त झलक यस प्रकार रहेको छ ।

**हाल सम्मको प्रगती विवरण**

| विवरण | बजेट खर्च | कैफियत |
|---|---|---|
| **कुल बजेट** | २६२६६८६२०। | |
| चालू खर्च | ७८००००००। | हाल सम्म भएको खर्च |
| विकास खर्च | ८००००००००। | हाल सम्म भएको खर्च |

| | | |
|---|---|---|
| **जम्मा खर्च** | १५८०००००। | |
| कुल आयोजना संख्या | २८० | |
| सम्पन्न आयोजना | २३० | भूक्तानी भएको मात्र |
| कुल कार्यक्रम संख्या | १५० | |
| सम्पन्न कार्यक्रम | ७६ | भूक्तानी भएको |
| **भौतिक प्रगती** | | |
| कल्भर्ट वटा | १० | |
| ग्राभेल सडक कि.मि. | ३२ | |
| नयाँ ट्र्याक कि.मि. | ३४ | |
| पर्खाल मि. | ५१० | |
| पक्की कुलो मि. | २८०० | |
| तटबन्ध मि. | १२०० | |
| भवन कोठा | १२ | |
| विधुत विस्तार कि. मि. | ३० | |

**अन्य**

- गाँउपालिका,स्वास्थ्य संस्था तथा केही विद्यालयमा ई हाजिरी जडान गरीएको

-२ नं.वडा बाहेक सबै वडामा ईन्टरनेट जडान गरीएको

-गाउँपालिकालाई तत्काल आवश्यक पर्ने प्राविधीक जनशक्तिको प्रवन्ध गरीएको

-कक्षा ८ को परिक्षा सफलतापूर्वक सम्पन्न गरिएको

-गोल्टाकुरीमा बृहत घुम्ती शिवीर आयोजना गरि सयौ नागरिकलाई सेवा प्रदान गरीएको ।

- स्वास्थ्य संस्थाहरुमा औषधी तथा ल्याब सामानको व्यवस्था गरिएको छ

-पशु तथा कृषि सम्वद्ध शाखाहरुबाट विभिन्न कार्यक्रमहरु भईरहेका छन् ।

-१८०० जना ज्येष्ठ तथा अन्य नागरिकलाई २ चरणको सामाजिक सुरक्षा भत्ता बाँडिएको ।

-न्यायीक समितिमा पेश हुन आएका ३६ मध्ये ९ वटा मुद्दा फछ्र्यौट भएका छन् ।

**धन्यवाद !**